कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय
डीनको कार्यालय
हेटौंडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४

फ्याक्सः ०५७-५२३२४८

चलानी नं.: /०७२/०७३

मिति : २०७२/११/०८ गते

# स्नातकोत्तर तहमा
# विद्यार्थी भर्ना सम्बन्धि सूचना

शैक्षिक सत्र २०७२–२०७४ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगत वन विज्ञान संकाय, हेटौडा, मकवानपुरमा संचालन गरिने स्नातकोत्तर तह अर्न्तगत वन विज्ञान विषयमा भर्ना हुनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निम्न अनुसारको सर्त पालना गर्ने गरी आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाणपत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति सहित रितपुर्वकको आवदेन फारम भरी तोकिएको म्याद भित्र तोकिएको स्थानहरुमा बुझाउनु हुन सम्वन्धित सबैलाई सूचित गरिन्छ । अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुले Migration Certificate को हकमा भर्ना भई AFU मा नाम दर्ता गर्ने समयमा सक्कलै प्रति पेश गर्नु पर्नेछ । म्याद नाघि वा रित नपुगि प्राप्त हुन आएको आवेदन फारम उपर कुनै कारवाहि गरिने छैन ।

(१) **अध्यापन हुने विद्यार्थी संख्या:** १५ (पन्ध्र) (MOU बमोजिम मनोनयन भई आउने विद्यार्थी वाहेक)

(२) **आवश्यक न्युनतम आवश्यक शैक्षिक योग्यता:**
वि.एस्सी. (वन विज्ञान) तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(३) **आवेदन फाराम विक्री र बुझाउने अवधि :** मिति २०७२/११/०९ गते आइतबारदेखि मिति २०७२/१२/१४ गते आइतबारसम्म कार्यालय समय भित्र (विदाको दिन बाहेक) यस संकायबाट आवेदन फाराम लिन तथा बुझाउन सकिनेछ । साथै यस विश्वविद्यालयको website: www.afu.edu.np वाट आवेदन फाराम डाउनलोड गर्न पनि सकिनेछ ।

(४) **आवेदन फाराम शुल्क र प्रवेश परीक्षा शुल्क :** रु.२,०००।- (दुई हजार) एकमुष्ट (फाराम शुल्क रु.५००।- + प्रवेश परीक्षा शुल्क रु.१,५००।-) लाग्नेछ ।

(५) **आवेदन फाराम लिने स्थान:**
तोकिएको शुल्कहरु बुझाई आवेदन फाराम यस संकायको आर्थिक प्रशासन शाखाबाट लिन सकिनेछ ।

(६) **आवेदन फाराम वुझाउने स्थान:**
शुल्कहरु बुझाएको रसिद संलग्न गरी यस संकायको शैक्षिक प्रशासन शाखामा आवेदन फाराम बुझाउनु पर्नेछ ।

(७) **प्रवेश परीक्षा :** २०७२ साल चैत्र २० गते शनिबार दिनको ११:०० वजे यस संकायमा हुनेछ ।

(८) **प्रवेशपत्र वितरण :** २०७२ साल चैत्र २० गते शनिबार विहान ०७:०० बजेदेखि वितरण गरिनेछ ।

डीन
वन विज्ञान संकाय
मकवानपुर

कृषि तथा वन विज्ञान विश्वविद्यालय

**वन विज्ञान संकाय**

**डीनको कार्यालय**

हेटौंडा, मकवानपुर, नेपाल

फोनः ०५७-५२३२४८/५२४१५४/५२७३५४

फ्याक्सः ०५७-५२३२४८


चलानी नं.: /०७२/०७३

मिति : २०७२/११/०८ गते

(९) **भर्नाको आधारः** प्रवेश परीक्षालाई ९० प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १० प्रतिशत भार दिई तयार पारिएको Merit List अनुसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ। प्रवेश परीक्षामा ९० प्रश्नहरु हुनेछन्, जसको लागि ७० मिनेट समय दिइनेछ। प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ।

(१०) यस शैक्षिक सत्रमा सञ्चालन गरिने स्नातकोत्तर तहमा मेरीटको आधारमा विद्यार्थी भर्ना निर्धारण गरिएकोछ। तीन जना भन्दा कम विद्यार्थी भएमा कक्षा संचालन गरिने छैन। सरकारी वा गैर सरकारी विभिन्न संघ/संस्थाबाट आवेदन आह्वान अघि भईसकेका MOU बमोजिम मनोनयन भई आउने विद्यार्थीले प्रबेश परीक्षा दिनु पर्ने छैन। तर सम्बन्धित विषयमा स्नातक तह कम्तिमा द्धितिय श्रेणीमा पास गरेको हुनु पर्नेछ। Competitive Student Subsidized शुल्कमा भर्ना हुन सक्ने विद्यार्थी संख्या ३ (तीन) कायम गरिएकोछ।

(११) **नतिजा प्रकाशन मिति :** २०७२ साल चैत्र २१ गते आइतबार।

(१२) **विद्यार्थी भर्ना हुने अवधिः** २०७२ साल चैत्र २२ गतेदेखि २०७२ साल चैत्र २८ गतेसम्म।

( प्रा. रमेश कुमार पाण्डेय )
डीन
वन विज्ञान संकाय
हेटौंडा, मकवानपुर

**नोटः (क) थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयंबाट व्यवस्था हुनु पर्नेछ।**

**(ख) छात्रावासको व्यवस्था हुने छैन।**

**(ग) आवेदन फाराम बुझाउँदा निम्नलिखित कागजपत्रहरु क्रमबद्ध रुपमा मिलाई बुझाउनु पर्नेछ।**

- पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति
- नेपाली नागरिकताको प्रमाणपत्र
- स्नातक तह परीक्षाको लब्धाङ्क पत्र वा ट्रान्सक्रिप्ट
- स्नातक तह चारित्रिक प्रमाण पत्र
- स्नातक तहको Provisional Certificate
- समानस्तर निर्धारणको प्रमाण (अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुको लागि)
- शुल्क बुझाएको रसिद

**(घ) छनौट भएका विद्यार्थीले भर्ना हुने समयमा अनिवार्य रुपमा ट्रान्सक्रिप्ट पेश गर्नु पर्नेछ, अन्यथा भर्ना गरिने छैन।**